
समृद्ध नेपाल, सुखी नेपाली !

राष्ट्रिय आकांक्षा हाम्रो गन्तव्य



# एमालेले बनाउँछ !

प्रतिनिधि सभा निर्वाचन-२०८२

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नवलपरासी (बर्दघाट सुस्ता पूर्व), निर्वाचन क्षेत्रः २ को

## प्रतिवद्धता पत्र



आदरणीय आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरू,

नेपाली जनताको लामो संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र र नयाँ संविधानको सफल कार्यान्वयन मार्फत "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय संकल्पलाई पूरा गर्नु आजको मुख्य कार्यभार हो । नेकपा (एमाले) ले विभिन्न समयका जनआन्दोलनहरुको नेतृत्व गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान निर्माणमा निर्णायक योगदान पुऱ्यायो । विगतमा एमाले नेतृत्वको सरकारले ठूला भौतिक पूर्वाधार, नमुना सदरमुकाम, धौवादी फलाम खानी र सडक सञ्जाल विस्तार जस्ता गौरवका आयोजनाहरू सुरु गरी विकासको नयाँ मानक स्थापित गरेको छ । उत्पादनमुखी अर्थतन्त्र, सामाजिक न्याय र सुशासनका माध्यमबाट सन् २१०० सम्ममा नेपाललाई विकसित राष्ट्र बनाउन एमालेको आवश्यकता छ ।

नेपाली जनताको दशकौं लामो बलिदान र संघर्षबाट प्राप्त लोकतन्त्रलाई संस्थागत गर्दै राष्ट्र निर्माणको निर्णायक जिम्मेवारी वहन गर्ने यात्रामा नेकपा (एमाले) सदैव अग्रणी भूमिकामा रहँदै आएको छ । "समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय संकल्प केवल एक चुनावी नारा मात्र नभई, यो समग्र मूलकको माटो र जनचाहनासँग जोडिएको एउटा स्पष्ट कार्यदिशा हो । राष्ट्रिय स्वाधीनता, सामाजिक न्याय, समृद्धि र सुशासनलाई आफ्नो मार्गदर्शक दृष्टिकोण मानेर अघि बढेको नेकपा (एमाले) ले नवलपुर क्षेत्र नं. २ को विशिष्ट आवश्यकता र सम्भावनालाई केन्द्रमा राखेर यो प्रतिवद्धता पत्र तयार पारेको छ । एमाले काममा विश्वास गर्ने, परिणाम दिने र जनताप्रति जवाफदेही बन्ने राजनीतिक संस्कार भएको पार्टी हो ।

नेपालको संविधान २०७२ बमोजिम साविक नवलपरासी जिल्लालाई विभाजन गरी नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) गरी दुई भागमा विभाजन गरिएपछि नवलपुर जिल्लाको स्थापना भएको हो । यो जिल्ला भौगोलिक रुपमा अत्यन्तै विविधतापूर्ण छ, जहाँ पहाडी श्रृङ्खलादेखि उर्वर तराईका फाँटहरू रहेका छन् । गण्डकी प्रदेशको दक्षिणतर्फ भारतसँग सीमा जोडिएको यो जिल्ला प्रदेशकै आर्थिक र व्यापारिक केन्द्रका रूपमा उदाउँदै छ । कृषि उत्पादन र राजस्व संकलनको हिसाबले गण्डकी प्रदेशमा पहिलो स्थानमा रहेको नवलपुर, पर्यटनको हिसाबले दोस्रो स्थानमा पर्दछ। संवैधानिक प्रक्रियामार्फत जिल्लाको नाम औपचारिक रूपमा "नवलपुर" मात्र कायम गरी यसको प्रशासनिक क्षमता र पहिचान सुदृढ बनाउनु हाम्रो मुख्य लक्ष्य हो । हाम्रो पार्टी नेकपा (एमाले) देशको आमूल परिवर्तनका लागि निरन्तर क्रियाशील छ। संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन गर्दै जनताको जीवनस्तर सुधार गर्नु हाम्रो मुख्य कार्यभार हो। यसै सन्दर्भमा, नवलपुर क्षेत्र नं. २ को चौतर्फी विकासका लागि मैले निम्न संकल्पहरू प्रस्तुत गरेको छु:

१. सुशासन, प्रविधि एवम् भ्रष्टाचार नियन्त्रण

- भ्रष्टाचारमुक्त सुशासन: सरकारी सेवालाई पूर्णत: डिजिटल बनाउँदै "शून्य सहनशीलता" को नीति अनुरूप भ्रष्टाचारमुक्त र जनप्रिय शासन व्यवस्था कायम गरिनेछ ।

- Smart Governance : सरकारी सेवाहरूलाई पारदर्शी, जनउत्तरदायी र प्रविधिमैत्री बनाउन सुशासन र Smart Governance का अवधारणाहरू पूर्ण रूपमा लागू गरिनेछ ।
- भ्रष्टाचार नियन्त्रण र कानुनी शासनः भ्रष्टाचार नियन्त्रण र सुशासनका लागि आवश्यक कानुनको निर्माण गर्ने, त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने र सुशासनका लागि नागरिक सचेतना अभिवृद्धि गर्ने ।
- एकीकृत सेवा केन्द्रको स्थापनाः जनतालाई राज्यबाट प्राप्त हुने सम्पूर्ण सेवाहरू सरल र सहज रूपमा उपलब्ध गराउन नवपुरको पहाडि क्षेत्रमा इलाका प्रशासन कार्यालय स्थापन गर्ने, त्रिवेणीमा प्रशासनिक घुम्ती कार्यक्रम सञ्चालन गर्ने र अन्य स्थानहरुमा आवश्यकता अनुसार एकीकृत सेवा केन्द्रहरू स्थापना गर्ने ।
- निष्पक्ष कर्मचारी व्यवस्थापन र सदाचारः कर्मचारीहरूको सरुवा र बढुवा प्रक्रियालाई कुनै पनि दबाब वा प्रभावबिना पूर्ण रूपमा निष्पक्ष ढङ्गले मापदण्डको आधारमा गर्ने र कर्मचारी तथा राजनीतिज्ञहरूमा सदाचार, निष्पक्षता र पदीय निष्ठाको विकास गरी अनियमितता र भ्रष्टाचारलाई निरुत्साहन गर्ने ।
- जिल्लाको नामकरण र प्रशासनिक सुदृढीकरणः संविधान संशोधनमार्फत जिल्लाको नाम "नवलपरासी ( बर्दघाट सुस्ता पूर्व)" बाट औपचारिक रूपमा "नवलपुर" कायम गर्ने, जसले गर्दा प्रशासनिक कार्यक्षमतामा सुधार आउनुका साथै जिल्लाको छुट्टै र विशिष्ट पहिचान स्थापित हुनेछ ।
- शेयर र बचतको सुरक्षाः सहकारी क्षेत्रमा एकीकृत ऐन, नियम र मापदण्ड निर्माण गरी शेयरधनीहरुको शेयर र बचतको पूर्ण संरक्षण र सुरक्षा सुनिश्चित गरिनेछ।
- उत्पादनमूलक क्षेत्रमा लगानीः सहकारी क्षेत्रको लगानी हाल अनुत्पादक क्षेत्रमा बढी देखिएकाले त्यसलाई सुधार गर्दै सहकारीको पूँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२. भौतिक पूर्वाधार र यातायातः

- त्रिवेणी-दुम्कीबास सडकः यस क्षेत्रको मेरुदण्डको रूपमा रहेको त्रिवेणी-दुम्कीबास सडकलाई राष्ट्रिय प्राथमिकताका साथ तत्काल निर्माण सम्पन्न गर्ने गरी लुम्बिनी र गण्डकी प्रदेशको व्यापारिक सम्बन्ध सुदृढ गरिनेछ।
- मध्यविन्दु नगरपालिकाको भाग्रादेखि लोहासेधारा, रातोपहरा, मैनाघाट छाप्रादी हुँदै पाल्पा जोड्ने सडक विशेष प्राथमिकताका साथ निर्माण सम्पन्न गरिनेछ । साथै भिठ्ठादेखि गडार खोला हुँदै तर्नेखोलामा पुल निर्माण गरी स्थानीय सडकलाई मूख्य राजमार्गसम्म जोडिनेछ ।
- नदी तटबन्धः नारायणी नदी लगायत यस क्षेत्रमा पर्ने तराई तथा पहाडका विभिन्न नदी, खोलाहरुमा व्यवस्थित तटबन्ध निर्माण गरी बस्ती र खेतीयोग्य जमिनको संरक्षण गरिनेछ।

- कालीगण्डकीको पानी नवलपुरमा लगानी: कालीगण्डकी नदीको पानीलाई आधुनिक प्रविधिको माध्यमबाट नवलपुरमा सिंचाई र विद्युत उत्पादनमा प्रयोग गरी कृषि तथा उर्जा क्षेत्रमा आत्मनिर्भरता बनाउने गरी कार्ययोजना तयार गरी अगाडि बढाइनेछ ।
- नमुना सदरमुकाम विकास: जिल्लाको नमुना सदरमुकामको बाँकी निर्माणकार्य तीव्र गतिमा अगाडि बढाइनेछ।
- जल यातायात सञ्चालन: यातायातको विविधिकरण गर्दै जलमार्गलाई प्रभावकारी बनाउने र पर्यटन प्रवर्द्धन गर्ने अभिप्रायले राम्दी-देवघाट-त्रिवेणी जल यातायात सेवा सञ्चालनमा जोड दिइनेछ ।
- कालीगण्डकी कोरिडोर: कालीगण्डकी कोरिडोर थप स्तरोन्नति गरी सो क्षेत्रका अन्य बाँकी निर्माणका कामलाई तीव्रता दिई यातायात व्यवस्थालाई सहज बनाइनेछ।
- हुलाकी राजमार्ग: यस क्षेत्रमा पर्ने हुलाकी राजमार्गको विस्तार सम्पन्न गर्ने गरी अगाडि बढाइनेछ ।
- दुम्किबास-बर्दघाट सुरुङ्ग मार्ग निर्माण: मेची-महाकाली पूर्व पश्चिम लोकमार्गको यातायातलाई थप सहज बनाउन तथा पर्यावरणमैत्री र दिगो पूर्वाधार विकासिका लागि दुम्किबास-बर्दघाट सुरुङ्ग मार्ग निर्माणको काम अगाडि बढाइनेछ ।
- रेलमार्गको विस्तार : पूर्व तर्फबाट निर्माण आरम्भ भएको पूर्व पश्चिम रेलमार्गको निर्माण कार्यलाई यस जिल्लामा समेत विस्तार गरी क्षेत्रीय विकास, भारतसँगको बजार विस्तार र पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- गण्डकी प्रदेशको राजधानी पोखरा पहुँचका लागि नवलपुरको पहाडि भेगमा सुरुङ्ग मार्ग निर्माणका लागि विशेष योजना अगाडि बढाइनेछ ।
- नवलपुरको तराईबाट पहाड जोड्ने विभिन्न सडकहरुलाई द्रुत गतिमा स्तरउन्नती गरिनेछ ।
- डेडगाउँ-रकुवा-रुचाङ्ग-झ्यालबास-चोरमारा सडक, दुम्किबास-सर्द-धुर्कोट-पाल्ला सडक र बौदीकाली कृषि रिङरोड विस्तारको कामलाई अगाडि बढाइनेछ ।
- निर्वाचन क्षेत्र रणनीतिक महत्वको सडक "डेडगाँउ-मिनाकोट बबक-चापानञ्ज्याङ्ग-धौवादी-कावासोती" सडक द्रुत गतिमा अगाडि बढाइनेछ ।
- डिजिटल नेपाल र आफ्नै भू-उपग्रह: नेपालको आफ्नै भू-उपग्रह (Satellite) स्थापना गरी सबै दुर्गम क्षेत्रमा दूरसञ्चार र इन्टरनेट पहुँच सुनिश्चित गरिनेछ ।
- सुरक्षित र आधुनिक यातायात: सबै पालिकाका केवन्द्रलाई पक्की सडकले जोडिनेछ र अब बन्ने नयाँ सडकहरू कम्तीमा दुई लेनको बनाइनेछ ।

## ३. औद्योगिक विकास र रोजगारी:

- धौवादी फलाम खानी: धौवादी फलाम खानीबाट व्यावसायिक उत्पादन सुरु गरी स्थानीय युवाहरूका लागि हजारौँको संख्यामा रोजगारी सिर्जना गरिनेछ।
- औद्योगिक ग्राम: हरेक स्थानीय तहमा कम्तीमा एउटा औद्योगिक ग्राम स्थापना गरी एक घर, एक रोजगारको अवधारणालाई साकार पार्नमा जोड दिइनेछ।
- नवलपुरलाई औद्योगिक क्षेत्रको रुपमा विकास: व्यावसायिक र औद्योगिक क्षेत्रको विकास गर्दै रोजगारी सिर्जना र आर्थिक समृद्धिमा ठूलो योगदान गर्ने वातावरण तयार गर्न प्रदेश सरकारद्वारा प्रस्तावित कावासोती १ को लोकाहा क्षेत्रलाई औद्योगिक ग्रामको रुपमा विकास गरिनेछ ।
- नवलपुर विकास प्राधिकारण गठन: देशको मध्यभागमा अवस्थित नवलपुरलाई वृहत नवलपुर विकास प्राधिकारण गठन गरी यस क्षेत्रमा कृषि, पर्यटन र औद्योगिक क्षेत्रको विकास गरी नवलपुरलाई आर्थिक, सामाजिक एवम् सांस्कृतिक रुपमा नमुना जिल्लाको रुपमा विकास गरिनेछ ।
- वैदेशिक रोजगारीबाट स्वदेश फर्केका (रिटर्नी) हरुको सीप, श्रम र पुँजीलाई अत्यधिक उपयोग हुने गरी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- निजी व्यावसायिक क्षेत्रसँग समन्वय गरी नवलपुरका युवाहरुलाई रोजगार लक्षित दक्ष, अर्धदक्ष र सामान्य किसिमको सीप विकास गरी रोजगारी सृजना गरिनेछ ।
- नवलपुरमा सम्भाव्यता अध्ययन गरी आई टि सिटीको रुपमा विकास गर्ने योजना अगाडि बढाइनेछ ।
- स्वदेशमै रोजगारी: वार्षिक ५ लाख नयाँ रोजगारीका अवसरहरू सिर्जना गरी वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थाको अन्त्य गरिनेछ ।
- डलर कार्ड र स्टार्टअप सहयोग: सूचना प्रविधि क्षेत्रका युवा उद्यमीहरूलाई व्यवसाय विस्तार र अन्तर्राष्ट्रिय कारोबार सहज बनाउन १०,००० डलर बराबरको डलर कार्ड उपलब्ध गराइनेछ ।
- वैदेशिक रोजगारीमा रहेकालाई बोनस: विदेशबाट वैधानिक माध्यम (विप्रेषण) मार्फत पैसा पठाउने श्रमिकको बैंक खातामा वार्षिक ५,००० रुपैयाँ थप बोनस दिइनेछ ।
- न्यूनतम पारिश्रमिक वृद्धि: श्रमिकहरूको न्यूनतम मासिक पारिश्रमिक २५,००० रुपैयाँ पुऱ्याइनेछ ।
- सार्वजनिक भवनको पुनर्निर्माण: अराजक तत्वबाट भत्काइएका सिंहदरबार, सर्वोच्च अदालत र अन्य प्रशासनिक भवनहरू एक वर्षभित्र पुनर्निर्माण गरिनेछ ।
- विद्युत् उत्पादन र खपत: जलविद्युत् उत्पादन र प्रतिव्यक्ति विद्युत् खपतलाई आगामी पाँच वर्षमा दोब्बर बनाइनेछ ।

४. कृषि तथा सिँचाइः

- कृषिलाई आधुनिकीकरण गर्दै नवलपुरका सबै पालिकाहरुमा होमस्टे प्रवर्द्धन गर्दै पर्यटक स्थलमा एग्रो टुरिज़मलाई प्राथमिकता दिइनेछ ।
- जिल्लाको पहाडि क्षेत्रमा नगदेवाली उत्पादनमा प्रोत्साहन गरी उत्पादित वस्तुको उचित मूल्य निर्धारण र बजारको सुनिश्चितता गरिनेछ ।
- कालीगण्डकीको पानीलाई विशेष माध्यमबाट नवलपुरमा सिंचाई गर्ने गरी नवलपुर सिंचाई आयोजना सुरु गरी कषिमा आत्मनिर्भर हुने गरी योजना अगाडि बढाइनेछ ।
- कृषि पकेट क्षेत्रः माछा, मासु, दूध, अण्डा र तरकारी उत्पादनका लागि विशेष कृषि पकेट क्षेत्रहरू पहिचान गरी वैज्ञानिक कृषि प्रणाली र अनुदानको व्यवस्था गरिनेछ।
- भूमिगत सिँचाइ, कुलो तथा नहर मर्मत, लगायत विभिन्न जलाधारका उपायबाट संभाव्य सबै कृषियोग्य क्षेत्रमा ५ वर्षभित्रै सिँचाइ सुविधा पुऱ्याउने ।
- नवलपुरको पहाडि क्षेत्रलाई कृषि, फलफूल र पशुपालनको विशेष क्षेत्रको रुपमा अगाडि बढाइनेछ ।
- आधुनिक र व्यावसायिक कृषिः परम्परागत कृषिलाई आधुनिक उद्यम व्यवसाय मा रूपान्तरण गरी कृषिमा आत्मनिर्भरता र निर्यात बढाइनेछ ।

५. भूमि व्यवस्था, आवास र आधुनिक सहरीकरणः

- नयाँ सहर आयोजनाः डण्डा बजार क्षेत्रलाई नयाँ शहर आयोजना (New Town Project) अन्तर्गत एक आधुनिक र सुविधा सम्पन्न (Smart City) का रूपमा अगाडि बढाइनेछ ।
- वर्षौंदेखि जोतभोग गर्दै आएका तथा जग्गा धनि प्रमाणपूर्जा प्राप्त हुन बाँकी भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गा नापजाँच गरी तत्काल जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) वितरण गरिनेछ।

६. शिक्षा, स्वास्थ्य, युवा, खेलकुद र सामाजिक सुरक्षाः

- युवाका लागि निःशुल्क डाटाः १८ देखि २८ वर्ष उमेर समूहका युवाहरूलाई एक वर्षसम्म हरेक महिना १० जीबी इन्टरनेट डाटा निःशुल्क उपलब्ध गराइनेछ ।
- विद्यालयमा खाजा र स्वास्थ्यः कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजा र सबै विद्यालयका किशोरीहरुलाई निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिनेछ ।
- मध्यबिन्दु प्रादेशिक अस्पतालः मध्यबिन्दु प्रादेशिक अस्पताललाई ५०० शैयाको शिक्षण अस्पताल (Teaching Hospital) को रूपमा विस्तारमा जोड दिइनेछ।

- ○ नि:शुल्क स्वास्थ्य सेवा: १५ वर्षमुनिका बालबालिका र ६५ वर्षमाथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन जोड दिइनेछ ।
- ○ वर्तमान शिक्षा प्रणालीलाई परिमार्जन गरी संविधानमा उल्लेखित नि:शुल्क र अनिवार्य शिक्षा कार्यक्रम कार्यान्वयनयमा विशेष जोड दिँदै शिक्षालाई सीपसँग जोडिने विधि अवलम्बन गरिनेछ ।
- ○ जिल्लामा रहेका सामुदायिक क्याम्पसहरुलाई आर्थिक रुपमा सवल तथा शैक्षिक गुणस्तरयुक्त बनाई कुनै एक अग्रणी क्याम्पसलाई मानित विश्वविद्यालय (Deemed University) को रुपमा विकास गर्ने गरी योजना अगाडि बढाइनेछ ।
- ○ सामाजिक सुरक्षा भत्ता: ज्येष्ठ नागरिक, एकल महिला र दलित लगायतका सामाजिक सुरक्षा भत्तालाई वृद्धि गरिनेछ ।
- ○ प्राविधिक शिक्षा: हरेक पालिकामा बजारको माग अनुरुपको प्राविधिक शिक्षा र उच्च स्तरीय शैक्षिक संस्थाहरुको स्थापना गरिनेछ ।
- ○ प्राविधिक शिक्षामा लगानी: प्राविधिक उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरुलाई २० लाख रुपैयाँसम्मको ब्याजमुक्त ऋण उपलब्ध गराइनेछ ।
- ○ नमुना सदरमुकाममा रहेको २५ विगाह क्षेत्रफलमा राष्ट्रिय स्तरको क्रिकेट र फुटवल रंगशाला निर्माणको काम अगाडि बढाइनेछ ।
- ○ एक पालिका एक रंगशाला निर्माणको कामलाई अगाडि बढाइनेछ ।

७. पर्यटन र संस्कृति:

- ○ गैंडाकोट देखि नारायणी नदी किनार (आवादी क्षेत्र छुने गरी) त्रिवेणीसम्म कृषि तथा पर्यटन मार्ग निर्माण: पर्यटनको अत्यधिक सम्भावना रहेको नारायण नदीको किनार नवलपुर क्षेत्रतर्फ गैंडाकोटदेखि त्रिवेणीसम्म मध्यवर्ती (नारायणी) कोरिडोर निर्माण गरी कृषि र पर्यटनको प्रवर्द्धन गरिनेछ ।
- ○ त्रिवेणीधाम विकास : नारायणी नदीको गजेन्द्र मोक्ष दिव्यधाम आसपास लगायतका क्षेत्रहरुमा झोलुङ्गे पुल निर्माण गरी पर्यटकीय सुविधाहरुको विस्तार गरिनेछ ।
- ○ मेची-महाकाली लोकमार्ग गणतन्त्र स्तम्भ स्थापना: १०२४ कि.मी. लामो मेची-महाकाली पूर्व पश्चिम लोकमार्गको मध्यभाग नवलपुरको मध्यविन्दुमा गणतन्त्र स्तम्भ स्थापना गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
- ○ होमस्टे पर्यटन: यस क्षेत्रको सांस्कृतिक विविधतालाई पर्यटनसँग जोड्न तराईमा थारु होमस्टे र पहाडमा गरुङ्ग, मगर, दराई लगायतका जातजातिहरुको संस्कृतिहरुको प्रवर्द्धन हुने गरी होमस्टेहरुलाई व्यवस्थित र व्यावसायिक बनाइनेछ।

८. पालिकागत विशिष्टीकरण र विकासः

यस निर्वाचन क्षेत्रका विभिन्न पालिकाहरुको विशेषता र सम्भावनाका आधारमा निम्न अनुसार विकास गरिनेछः

- कावासोती नगरपालिकाः कावासोतीलाई व्यवस्थित जिल्ला सदरमुकाम र प्रादेशिक औद्योगिक क्षेत्रका रुपमा थप सुदृढ र विकसित गरिनेछ ।
- मध्यबिन्दु नगरपालिकाः कृषि उत्पादनको केन्द्रका रुपमा रहेको यस नगरपालिकालाई आधुनिक र वैज्ञानिक कृषि प्रणालीसहितको कृषि शहर (Agro City) का रुपमा विकास गरिनेछ।
- विनयी त्रिवेणीः यस क्षेत्रलाई धार्मिक तथा सीमा पर्यटन (Religious and Border Tourism) को प्रमुख गन्तव्य बनाउन पूर्वाधार निर्माण गरिनेछ ।
- हुप्सेकोटः जैविक विविधताको संरक्षण गर्दै यस क्षेत्रलाई इको-पर्यटन (Eco–tourism) र जडिबुटी क्षेत्रका रुपमा प्रवर्द्धन गरिनेछ।
- बौंदीकालीः यहाँको प्राकृतिक सम्पदालाई उपयोग गर्दै जल, ग्रामीण र ट्रेकिङ पर्यटनको रुपमा विकास गरिनेछ ।

९. विविध

- स्वास्थ्य स्वयंसेविकालाई भत्ताः महिला स्वास्थ्य स्वयंसेविकाहरुको वार्षिक भत्ता वृद्धि गरी २०,००० रुपैयाँ पुऱ्याइनेछ ।
- सुत्केरी पोषण भत्ताः घट्दो जनसंख्या वृद्धिदर रोक्न सुत्केरी हुने महिलालाई प्रतिजन्म २०,००० रुपैयाँ मातृत्व पोषण भत्ता प्रदान गरिनेछ ।
- विपन्नलाई ऋण मिनाहाः राज्यले गरिब पहिचान गरेका परिवारले २०८२ भदौसम्म लिएको २५,००० रुपैयाँसम्मको ऋण मिनाहा गरिनेछ ।
- स्वच्छ खानेपानीको पहुँचः आगामी पाँच वर्षभित्र सबै नागरिकलाई स्वच्छ र गुणस्तरीय खानेपानीको पहुँच पुऱ्याइनेछ ।
- मैत्रीपूर्ण वैदेशिक सम्बन्धः "सबैसँग मित्रता, छैन कसैसँग शत्रुता" भन्ने नीति अनुरुप राष्ट्रिय हित र सार्वभौमसत्तालाई केन्द्रमा राखेर परराष्ट्र सम्बन्ध सञ्चालन गरिनेछ ।
- त्रिवेणी भन्सारलाई तत्काल सञ्चालनमा ल्याउने गरी काम अगाडि बढाइनेछ ।
- ज्येष्ठ नागरिक, महिला, वालबालिका, युवा, अपाङ्गगत भएका व्यक्ति, एकल महिला, दलित, गरीव तथा विपन्न, अल्पसंख्यक र सीमान्तकृत वर्गको हित एवम् अधिकारको संरक्षण गरी सवाङ्गिण विकासमा जोड दिइनेछ ।

- अन्य सार्वजनिक आवश्यकता र महत्वका विषयहरु वार्षिक कार्ययोजनामा समावेश गरी कार्यान्यन गरिनेछ ।

आदरणीय मतदाता महानुभावहरू,

नवलपुरको समृद्धि र जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउनका लागि यहि २०८२ साल फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनमा नवलपुर क्षेत्र नं. २ मा नेकपा (एमाले) को "सूर्य" चिह्नमा आफ्नो अमूल्य मतदान गरी मलाई विजयी बनाउनुहुन हार्दिक अपिल गर्दछु । म प्रतिवद्ध छु, तपाईंको विश्वासलाई विकासको परिणाममा बदल्नेछु ।

*समृद्ध देश साझा गन्तव्य:*
*सुखी जनता, सुदृढ भविष्य !*

समृद्ध नवलपुर, सुखी नवलपुरवासीका लागि
सूर्य चिन्हमा मतदान गरी
तिलक महतलाई विजयी गराऔं ।
नेकपा (एमाले) – जिन्दावाद

क्षेत्रीय निर्वाचन परिचालन कमिटी
क्षेत्र नं. २, नवलपुर
नेकपा (एमाले)